# ओमसतिया गाउँपालिकाको विनियोजन ऐन - २०७५

## ओमसतिया गाँउपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५।०३।१२

**प्रस्तावनाः** ओमसतिया गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम ओमसतिया गाँउ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनाम रप्रारम्भः** (१)यस ऐनको नाम " ओमसतिया गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ

(२) यो ऐन २०७५ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३९०७६४०००।- (अक्षेरुपी उन्चालिस करोड सात लाख चौसठ्ठि हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ साथै जिल्ला , प्रदेश र संघ वा अन्तर्गतका अन्य कार्यालयहरुबाट यस गाँउपालिकाको लागि थप कार्यक्रम तथा बजेट प्राप्त हुन आएमा सोही अनुसार विनियोजित भएको मानि खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त ओमसतिया गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ। (२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ। (३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | १०७४०९।०० | १९७२५५।०० | | ३०४६४६।०० |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगतशाखा | | ८६१००।०० | | ८६१००।०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **जम्मा** | १०७४०९।०० | २८३३५५।०० | | ३९०७६४।०० |